*23rd March, 2026 Monday*

*यो आकाशवाणी हो।*
*समाचार मेनुका राईबाट सुन्नुहोस्।*

*शुरु गरौं यस बुलेटिनका प्रमुख समाचारहरुबाट*

१. पश्चिम एसियामा द्वन्द्व जारी रहेतापनि भारतमा ऊर्जा सुरक्षाको कुनै संकट नरहेको प्रधानमन्त्रीको श्री मोदीको दावी
२ असम , केरला र पुद्दुचेरीमा विधानसभा निर्वाचनका लागि उम्मेदवारी दर्ता वा नामांकन गर्ने प्रक्रिया आज समाप्त
३. सरकारले खनिज सुरक्षा सुदृढ गर्न र औद्योगिक विकासलाई सहयोग गर्न विभिन्न पहलहरू गरिरहेको मन्त्रीले दिनु भयो जानकारी ।
४अमेरिकी राष्ट्रपति श्री ट्रम्पले इरानलाई समुद्री मार्ग पुनः खोल्न दिएको समयसीमामा थप गरेका छन् पाँच दिन

-------------------------------------

**१. लोकसभा – प्रधानमन्त्री**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पश्चिम एसियामा द्वन्द्व जारी रहेतापनि भारतमा ऊर्जा सुरक्षाको कुनै संकट नरहेको बताउनु भएको छ । उहाँले आज लोक सभामा पश्चिम एसिया संघर्षबारे वक्तव्य दिनु हुँदै भारतको धारणा स्पष्ट पारे । प्रधानमन्त्रीले देशभरि पेट्रोल र डिजेलको आपूर्ति नियमित रूपमा भइरहेको जानकारी दिनुभयो ।
उहाँले बताउनु भए अनुसार भारतसँग ५३ लाख मेट्रिक टनभन्दा बढी महत्वपूर्ण पेट्रोलियम भण्डार रहेको छ। साथै ६५ लाख मेट्रिक टनभन्दा बढी थप भण्डारण क्षमता विस्तार गर्ने काम पनि भइरहेको छ। विगत ११ वर्षमा देशको तेल प्रशोधन क्षमता उल्लेखनीय रूपमा बढेको उहाँले बताउनु भयो । सरकारले विभिन्न देशका आपूर्तिकर्ताहरूसँग निरन्तर सम्पर्कमा रही सम्भव भएसम्म तेल र ग्यास आपूर्ति कायम राख्ने प्रयास गरिरहेको पनि उहाँले उल्लेख गर्नुभयो ।
हालको गम्भीर परिस्थितिमा देशभित्र र विदेशमा रहेका भारतीयहरूको सुरक्षा सरकारको सर्वोच्च प्राथमिकता रहेको उहाँले स्पष्ट पार्नु भयो। संघर्ष सुरु भएदेखि अहिलेसम्म ३ लाख ७५ हजारभन्दा बढी भारतीय सुरक्षित रूपमा स्वदेश फर्किसकेको साथै इरानबाट पनि करिब १ हजार भारतीय सुरक्षित फर्किएको उहाँले थप बताउनु भयो ।
भारतसहित अन्य प्रभावित देशहरूमा २४ घण्टा सञ्चालन हुने नियन्त्रण कक्ष र आपतकालीन हेल्पलाइन स्थापना गरिएको र सरकार संवेदनशील, सतर्क र आवश्यक सहयोगका लागि पूर्ण रूपमा तयार रहेको पनि उहाँले बताउनु भयो । प्रधानमन्त्रीले देशका किसानहरूले पर्याप्त खाद्यान्न भण्डार

सुनिश्चित गरेको बताउनु हुँदै सरकारले मलको पर्याप्त व्यवस्था गरेको र विश्वव्यापी संकटको असर किसानमाथि नपर्ने गरी काम भइरहेको पनि उल्लेख गर्‍नु भयो ।

-----------------------------------

*२. नामांकन – विधानसभा निर्वाचन*

असम , केरला र पुद्दुचेरीमा विधानसभा निर्वाचनका लागि उम्मेदवारी दर्ता वा नामांकन गर्ने प्रक्रिया आज समाप्त हुनेछ । यी राज्य तथा केन्द्रशासित प्रदेशमा मतदान आगामी महिना ९ तारिखमा एकै चरणमा हुनेछ । नामांकन पत्रको जाँच भोलि गरिनेछ भने उम्मेदवारहरूले २६ मार्च सम्म नाम फिर्ता लिन सक्नेछन्। तमिलनाडुमा मतदान २३ अप्रिल मा एकै चरणमा हुनेछ भने पश्चिम बंगालमा दुई चरणमा २३ र २९ अप्रिलमा मतदान हुनेछ। तमिलनाडु र पश्चिम बंगालमा पहिलो चरणको अधिसूचना यसै महिनाको ३० तारिखमा जारी हुनेछ भने पश्चिम बंगालको दोस्रो चरणको अधिसूचना २ अप्रिलमा जारी गरिनेछ।

यी सबै चार राज्य र केन्द्रशासित प्रदेशको मतगणना ४ मईमा हुनेछ।

-----------------------------------

*३. खानी–शिखर सम्मेलन र लिलामी*

कोइला तथा खानी मन्त्री श्री जी किशन रेड्डीले आज महत्वपूर्ण खनिजहरू विकास, वातावरणीय दिगोपन र प्राविधिक प्रगतिका लागि अत्यावश्यक भएको बताउनु भएको छ र यस क्षेत्रमा आत्मनिर्भरता हासिल गर्नुपर्ने आवश्यकता जोड दिनु भएको छन । नयाँ दिल्लीमा आयोजित राष्ट्रिय महत्वपूर्ण खनिज अभियानलाई सम्बोधन गर्नु हुँदै मन्त्रीले सरकारले खनिज सुरक्षा सुदृढ गर्न र औद्योगिक विकासलाई सहयोग गर्न विभिन्न पहलहरू गरिरहेको जानकारी दिनु भयो । मन्त्रीले राष्ट्रिय महत्वपूर्ण खनिज अभियान सुरु गरिएको जानकारी दिनु हुँदै यस क्षेत्रमार्फत पारदर्शिता, दक्षता र आधुनिक प्रविधिको प्रयोग बढाउने उद्देश्य रहेको बताए ।

-----------------------------------

*४. पश्चिम एसिया – ब्रीफिङ*

सरकारले आज पुनः आश्वासन दिँदै देशमा सबै तेल प्रशोधन संयन्त्रहरू पूर्ण क्षमतामा सञ्चालनमा छन् र घरेलु तथा यातायात प्रयोजनका लागि प्राकृतिक ग्यासको आपूर्ति शतप्रतिशत भइरहेको बताएको छ। नयाँ दिल्लीमा पश्चिम एसियाका हालका घटनाबारे आयोजित अन्तर–मन्त्रालय ब्रीफिङमा पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव श्रीमती सुजाता शर्माले ५० प्रतिशत व्यावसायिक एलपीजी राज्यहरू र केन्द्रशासित प्रदेशहरूका लागि उपलब्ध गराइएको जानकारी दिनु भयो । उहाँले राज्य तथा स्थानीय निकायद्वारा सञ्चालन हुने रेस्टुरेन्ट, ढाबा, होटल, औद्योगिक क्यान्टिन, डेयरी, सहुलियत क्यान्टिन लगायत क्षेत्रहरूलाई प्राथमिकता दिइने जानकारी दिएको छ ।

-----------------------------------

*५. प्रधानमन्त्री – प्रयागराज घटना*

प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेसको प्रयागराजमा आज भवन ढलेर भएको दुर्घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ । सामाजिक सञ्जाल मार्फत प्रधानमन्त्री श्री मोदीले मृतकका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट २ लाख रुपियाँका दरले राहत दिने घोषणा गर्नुभएको छ साथै घाइतेहरूलाई ५० हजार रुपियाँ प्रदान गरिनेछ।

-----------------------------------

*६. राष्ट्रपति ट्रम्पले समयसीमा थपे*

अमेरिकी राष्ट्रपति श्री डोनाल्ड ट्रम्पले इरानलाई Strait of Hormuz समुद्री मार्ग पुनः खोल्न दिएको समयसीमा पाँच दिनका लागि थप गरेका छन् । साथै उहाँले अमेरिकाले अब पाँच दिनसम्म विद्युत् केन्द्रहरूमा आक्रमण नगर्ने बताउनु भएको छ। श्री ट्रम्पले सामाजिक सञ्जालमार्फत यो घोषणा गर्नु हुँदै अमेरिका र इरानका अधिकारीहरूबीच हालै भएका वार्ताहरू सकारात्मक र फलदायी भएको बताउनु भयो । उनले यी छलफलले द्वन्द्वको पूर्ण समाधानतर्फ लैजान सक्ने आशा व्यक्त गर्नु भएको छ।

-----------------------------------

*७ राष्ट्रपति – क्षयरोग दिवस (TB Day)*

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले विश्व क्षयरोग दिवसको पूर्वसन्ध्यामा क्षयरोग अझै पनि विश्वभर लाखौं मानिसलाई प्रभावित गर्ने गम्भीर सार्वजनिक स्वास्थ्य चुनौती भएको बताउनु भएको छ । २४ मार्चमा मनाइने विश्व क्षयरोग दिवसले यस रोगबारे जनचेतना फैलाउन महत्वपूर्ण भूमिका खेलेको

श्रीमती मुर्मुले उल्लेख गर्नुभयो । उहाँले टीबी मुक्त भारत अन्तर्गत प्रारम्भिक पहिचान विस्तार, निःशुल्क उपचार, पोषण सहयोग सशक्तीकरण र बिरामी हेरचाह सुधारमा उल्लेखनीय प्रगति भएको बताउनुभयो । उहाँले यस उपलब्धिले राष्ट्रिय क्षयरोग उन्मूलन कार्यक्रमको प्रतिबद्धता र सामूहिक प्रयासको शक्ति देखाएको पनि उल्लेख गर्नुभयो ।

---------------------------------------

*८. राज्यसभा – विनियोग विधेयक*

राज्य सभामा विनियोग (संख्या २) विधेयक २०२६ माथि छलफल जारी छ। यस विधेयकमार्फत आर्थिक वर्ष २०२६–२७ का लागि सेवाहरू सञ्चालन गर्न भारतको सञ्चित कोषबाट केही रकम खर्च तथा विनियोजन गर्न अनुमति दिने व्यवस्था गरिएको छ। छलफलपछि विधेयकलाई लोक सभामा फिर्ता पठाइनेछ, जहाँ यो गत हप्ता नै पारित भइसकेको छ। छलफलमा सहभागी बन्नु हुँदै भारतीय जनता पार्टीका श्री मदन राठौडले देशमा आवश्यक वस्तुको अभाव नहोस् भन्ने सुनिश्चित गर्न सरकारले काम गरिरहेको बताउनु भयो । घरेलु ग्यास र पेट्रोलियम पदार्थको अभावबारे विपक्षले अफवाह फैलाएको बताउनु हुँदै आलोचना गर्नुभयो । साथै प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा देशको सकल घरेलु उत्पादन सन् २०१४–१५ को १०६ लाख करोड रुपियाँबाट बढेर २०२४–२५ मा ३३१ लाख करोड रुपियाँभन्दा बढी पुगेको बताउनु भयो । उहाँले भारत विश्वकै सबैभन्दा तीव्र गतिमा बढ्दो प्रमुख अर्थतन्त्र भएको दाबी गर्नुभयो ।

---------------------------------------

*अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः*

१. पश्चिम एसियामा द्वन्द्व जारी रहेतापनि भारतमा ऊर्जा सुरक्षाको कुनै संकट नरहेको प्रधानमन्त्रीको श्री मोदीको दावी

२ असम , केरला र पुद्दुचेरीमा विधानसभा निर्वाचनका लागि उम्मेदवारी दर्ता  वा नामांकन गर्ने प्रक्रिया आज समाप्त

३. सरकारले खनिज सुरक्षा सुदृढ गर्न र औद्योगिक विकासलाई सहयोग गर्न विभिन्न पहलहरू गरिरहेको मन्त्रीले दिनु भयो जानकारी ।

४अमेरिकी राष्ट्रपति श्री ट्रम्पले इरानलाई समुद्री मार्ग पुनः खोल्न दिएको समयसीमामा थप गरेका छन् पाँच दिन

-------------------------------------